**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं.-४४१

पुनरावेदन नं. ०७७-RB-००३७

पुनरावेदन दर्ता मितिः २०७७।०४।२२

**मुद्दाः- मूल्य अभिवृद्धि कर(२०७३/०७४)।**

श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि (स्थायी लेखा नं. ३०१३४२३४०) को तर्फबाट अधिकार प्राप्त अध्यक्ष संचालक राहुल कुमार अग्रवाल.........................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...............................................१

श्री आन्तरिक राजस्व विभाग लाजिमपाट, काठमाण्डौं...........................................१

} प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः-२०७६।०३।३०

**प्रशासकीय पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं

निर्णय गर्ने अधिकारीः महानिर्देशक विनोद बहादुर कुवँर

निर्णय मितिः २०७६।१२।०७

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकबाटः विद्वान अधिवक्ता श्री सिताराम अग्रवाल

प्रत्यार्थी तर्फबाटः विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, हरिहरभवनका प्रमुख कर प्रशासकबाट मिति २०७६।०३।३० मा भएको अन्तिम कर निर्धारणको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।०७ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि. (स्थायी लेखा नं.३०१३४२३४०) को आर्थिक वर्ष २०७३/०७४ को विस्तृत कर परीक्षण भै पेश भएको विस्तृत प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१)(घ) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गर्नका लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रू.२३,६००।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।०३।०९ मा जारी भएको आदेश।

२. ठूला करदाता कार्यालयवाट मिति २०७६।०३।०९ मा जारी भएको सूचना करदाताले मिति २०७६।०३।१० मा बुझि लिई सो सम्बन्धमा करदाताले मिति २०७६।०३।१७ मा जवाफ पेश गरेको।

३. यसमा करदाताले सामान्य व्यावसाय तर्फ रु.२७,५९,४२९।५२ लागत भएको कच्चा पदार्थ लाई कुनै ठोस कारण र आधार विना लागत मूल्य भन्दा रु.६०,३७०।०० कममा विक्री गरेको देखिएकोले कम्तिमा लागत मूल्यमा नै विक्री गरेको मान्दा हुन आउने कम मूल्य रु.६०,३७०।०० को १३ प्रतिशतले हुने कर रु.७,८४८।०० लाई मू.अ.कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९(२) वमोजिम शत प्रतिशत जरिवाना समेत गर्नुपर्ने लगायत कार्यालयको मिति २०७६।०३।०९ को प्रारम्भिक कर निर्धारण आदेश अनुसारको कर र जरिवाना समेतको जम्मा रकम रु.२३,६००/- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गर्ने र उक्त आदेशको मिति भन्दा पछिको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) बमोजिम थप दस्तुर एवं दफा २६ बमोजिम व्याज लाग्ने भए कम्प्यूटर प्रणालीबाट सो समेत गणना गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्नु भन्ने ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।०३।३० मा भएको निर्णय पर्चा।

४. यसमा करदाताले कर रकम रू.२३,६००।— तिर्नु पर्ने देखिन आएकोले उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी पुल्चोक ललितपुर स्थित एभरेष्ट बैक लि. बैक/नगद दाखिला गर्नु होला भन्ने करदाताको नाममा

जारी भएको मिति २०७६।०३।३० मा ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेशको सूचना।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६।०३।३० मा जारी गरेको आ.व. २०७३/०७४ को मूल्य अभिवृद्धि करतर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि. (स्थायी लेखा नं.३०१३४२३४०) ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०५।०१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदकले **JP Extrusion Tech India** लाई सेवा वापत रकम भुक्तानी गरेको र सोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ (२) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण र असूल गरी दाखिला गरेको देखिएन ।करदाता कार्यालयले मूल्य अभिवृद्धि करमा दर्ता नभएको विदेशिलाई भुक्तानी गरेको सेवा शुल्कमा ऐन बमोजिम बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर दाखिला नगरेको भनी सोमा मूल्य अभिवृद्धि कर र ऐ,ऐनको दफा २९(२) को जरिवाना लगाएको देखिन्छ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर निर्देशिका २०६९ (संशोधित २०७३) परिच्छेद १० मा नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले त्यस्तो सेवाको मूल्य भुक्तानीका बखत कर निर्धारण र दाखिला नगरेमा सोलाई ऐनको दफा ८(२) बमोजिमको कानून उल्लंघन गरेको मानी २५ प्रतिशत जरिवाना गर्ने भनी उल्लेख भएको हुँदा कार्यालयले शत प्रतिशत जरिवाना गर्ने गरी गरेको निर्णय कानून सम्मत नदेखिंदा जरिवानाको हकमा कार्यालयबाट पुनः कर निर्धारण गर्नुपर्ने, निवेदक कम्पनी कच्चा पदार्थको उपभोग गरी तयारी बस्तुको उत्पादन गर्ने उद्योगको रुपमा रहेको देखिन्छ । निवेदकले खरिद मूल्य भन्दा कममा वस्तु विक्री गर्नुपरेको कारण सो वस्तुको गुणस्तर भएको भनी उल्लेख गरेको भएता पनि त्यस्तो वस्तुको खरिदमा तिरेको कर कट्टी लिने सम्बन्धमा कुनै प्रक्रिया पुरा गरेको वा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर रिभर्स गरी आफैले दाखिला समेत गरेको नदेखिंदा कार्यालयले कम्तीमा खरिद मूल्य बराबरको रकम नै विक्री मूल्य हुनुपर्ने भनी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० तथा दफा २९(२) बमोजिम जरिवाना गरेको कानून सम्मत देखिएको हुँदा निवेदकको जिकिर नपुग्ने ठहर्‍याई आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।०७ मा भएको निर्णय पर्चा।

७. यसमा JP Extrusion Tech India लाई गरेको भुक्तानीमा मूल्य अभिवृद्धि कर ऐनको दफा ८(२) बमोजिम १३ प्रतिशत मूल्य अभिवृद्धि कर दाखिला नगरेको भनी कर निर्धारण र दफा २९(२) बमोजिमको शत प्रतिशत जरिवाना कायम गरिएको त्रुटिपूर्ण छ। गुणस्तर अनुसार वस्तुको बजार मूल्य फरक फरक हुने हुँदा कमजोर गुणस्तरको वस्तु सस्तोमा बेच्नुपर्ने हुन्छ। बजार मूल्य अनुसार नै वस्तुको विक्री भएको हुँदा लागत मूल्य भन्दा कममा विक्री गरेको मानी मूल्य अभिवृद्धि कर र दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना नलाग्ने हुँदा सो आय वर्षमा ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७७।०४।२२ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०५।१४ मा भएको आदेश ।

**ठहर खण्ड**

९. नियमबमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक शिवशक्ति केमोप्लास्ट प्रा.लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री सिताराम अग्रवालले करदाताबाट थप मूल्य अभिबृद्धि कर, जरिवाना र व्याज समेत लिने गरी गरेको निर्णय मूल्य अभिबृद्धि कर ऐन,२०५२ तथा नियमावली, २०५३ विपरीत रहेकोले ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश तथा सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटिपूर्ण रहेको हुँदा बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले करदाताले कानून बमोजिम थप मूल्य अभिबृद्धि कर बुझाउनुपर्ने गरी ठूला करदाताबाट भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा सदर गरी पाँऊ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

११. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. अब निर्णयतर्फ विचार गर्दा, ठूला करदाता कार्यालयबाट पुनरावेदक शिवशक्ति केमोप्लाष्ट प्रा.लि.को मू.अ.कर आ.ब. ०७३/७४ को सन्दर्भमा मिति २०७६/०३/३० मा भएको निर्णय बमोजिम मूल्य अभिवृद्धि कर र जरिवाना समेतको जम्मा रकम रु.२३,६००/- निर्धारण गरी भएको अन्तिम कर निर्धारण आदेश उपर प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा शुरु आदेश सदर हुने ठहराई भएको निर्णयमा चित्त नबुझाई पुनरावेदक करदाताले यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदन दायर गरेको देखिन्छ। करदाताले लिएको पहिलो पुनरावेदन जिकीर Jp Extrusion India लाई सेवा वापत रकम भुक्तानी गरेको र सोमा मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ८(२) मा नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ भनी उल्लेख भएको देखिन्छ । सो अनुसार दर्ता नभएको विदेशी व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी कर्ताले मूल्य अभिवृद्धि कर निर्धारण र असुल गर्नुपर्दछ ।मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २० को उपदफा (१) को खण्ड (घ) मा करको रकम कम देखिएको वा ठिक नभएको विश्वास गर्नुपर्ने

कारण भएमा कर निर्धारण गर्न सकिने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम मूल्य अभिवृद्धि कर दाखिल नगरेको पुष्टि भइरहेको स्थितिमा अन्तिम कर निर्धारण गरेको निर्णय कानूनको रोहमा मिलेकै देखिंदा अन्यथा भन्न मिलेन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना गरेको निर्णय बदर गरी पुनः जरिवाना निर्धारण गर्ने निर्णय प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भइसकेको देखिंदा जरिवाना तर्फ थप बोलिरहनु परेन ।

१३. अब करदाताको दोस्रो पुनरावेदन जिकिर हेर्दा, लागत मूल्य र कम मूल्यमा विक्री गरेको फरक रु.६०,३७०।- मा मूल्य अभिवृद्धि कर रु.७,८४८।- निर्धारण गरेको र त्यसमा शत प्रतिशत जरिवाना गरेको त्रुटिपूर्ण भन्ने देखियो। करदाताले आ.व. २०७३।७४ मा सामान्य व्यवसाय तर्फ रु.२७,५९,४२९।५२ लागत मूल्य भएको कच्चा पदार्थलाई लागत भन्दा रु.६०,३७०।- कममा विक्री गरेकोले उक्त कम मूल्यलाई करदाताको आयमा समावेश गरी संशोधित कर निर्धारण गरेको निर्णय लगाउको ०७७-**RB**-००३३ को आयकर मुद्दामा सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भइसकेको छ। सोही आधारमा थप कायम गरिएको विक्री मूल्य रु.६०,३७०।- को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.७,८४८।- निर्धारण गरेको निर्णय मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) को रोहमा मिलेकै देखिंदा अन्यथा भन्न मिलेन।

१४. जहाँसम्म उक्त शिर्षकको निर्धारित करमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ को उपदफा (२) बमोजिम शत प्रतिशत जरिवाना गरेको प्रश्न छ, सो सम्बन्धमा हेर्दा, झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरेमा, जालसाजी गरी कर छलेमा, दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा, न्यून विजकीकरण गरी विक्री गरेमा र दफा ३० को उल्लघंन गरेमा मात्र शत प्रतिशत जरिवाना हुने व्यवस्था दफा २९(२) मा रहेको पाइयो। करदातालाई ऐनको दफा २०(१) को खण्ड (घ) बमोजिम अन्तिम कर निर्धारण गरिएको अवस्थामा शत प्रतिशत जरिवाना गर्ने कसूर कसरी स्थापित भयो भन्ने आधार र कारण निर्णय पर्चामा खुलाएको देखिएन। त्यसैले शत प्रतिशत जरिवाना गर्ने निर्णय न्यायोचित नहुँदा केही उल्टी गरी जरिवानाको हकमा पुनः निर्णय गर्न पठाउनु पर्ने देखियो।

१५. तसर्थ माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट यसमा करदाता श्री शिवशक्ति केमोप्लाष्ट प्रा.लि. (स्थायी लेखा न.३०१३४२३४०) को आ.ब. २०७३।०७४ को ठूला करदाता कार्यालयबाट अन्तिम कर निर्धारण गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(२) बमोजिम शतप्रतिशत जरिवाना गर्नुको आधार र कारण नखोली मिति २०७६।०३।३० मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।१२।०७ मा गरेको निर्णय समेत मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ।अव आधार र कारण सहित के कति जरिवाना लाग्ने भन्ने सम्बन्धमा पुनः निर्णय गर्नु भनी फायल ठूला करदाता कार्यालयमा पठाईदिनु। अरुमा तपसिल बमोजिम गर्नु।

## <u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदातालाई हुने जरिवानाको विषयमा आधार र कारण सहित पुनः निर्णय गर्नु भनी यो फैसलाको प्रतिलिपि सहित मिसिल ठूला करदाता कार्यालय, हरिहरभवनमा पठाइदिनू।
२. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(टेकप्रसाद ढुङ्गाना)
अध्यक्ष

उक्त रायमा मेरो सहमति छ।

(बासुदेव खनाल)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः- लक्ष्मी प्रसाद शर्मा
कम्प्यूटर टाइपः- शान्ता खतिवडा
फैसला मितिः- २०८०।०२।२८
प्रमाणीकरण गर्ने लेखा सदस्य
फैसला प्रमाणीकरण मितिः राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप